# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१५ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा कार्यरत नायव सुब्बा ललित कुमार झाले पदीय मर्यादा विपरीत कार्यहरु गरी गैरकानूनी सम्पत्ति आर्जन गरी उच्च जीवन यापन गरेको भन्ने आयोगमा दर्ता हुन आएको उजुरी उपरको अनुसन्धानमा निज ललित कुमार झा मुखियाको पदबाट सार्वजनिक सेवामा प्रवेश गरी पदोन्नति हुँदै नायव सुब्बाको पदमा अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा कार्यरत रही हाल इलाका प्रशासन कार्यालय बर्दिवास महोत्तरीमा कार्यरत रहेको देखियो । निजको सार्वजनिक सेवामा प्रवेश मिति २०४०।३।१७ देखि मिति २०७६ जेष्ठ मसान्तसम्मको जाँचअवधिको आयव्यय तथा सिर्जित सम्पत्तिहरु उपर विश्लेषण गरीहेर्दा निजले तलव, भत्ता, कर्जा, शेयर बिक्री, जग्गा विक्री लगायतबाट जम्मा रु.२,२८,६४,२०८।- (दुई करोड अठ्ठाइस लाख चौसठ्ठी हजार दुई सय आठ) आय आर्जन गरेको देखिन्छ । सोही अवधिमा निजले आफू र श्रीमती सुचिता देवी झासमेतका नाममा खरिद गरी राखेका एवं लगानी गरेको चल अचल सम्पत्तिहरु जग्गा खरिद, घर निर्माण, सवारी साधन खरिद, शेयर खरिद, छोराछोरीहरुको शिक्षामा लगानी तथा खर्च एवं विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मौज्दात लगायतमा रु.३,८५,४३,२३४।- (तीन करोड पचासी लाख त्रिचालीस हजार दुई सय चौतीस) खर्च तथा लगानी गरेको देखिँदा निजको वैध आय रु.२,२८,६४,२०८।- को तुलनामा रु. १,५६,७९,०२६।- बराबरको भागको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएकोले वैध आयको तुलनामा रु.१,५६,७९,०२६।-(एक करोड छपन्न लाख उनासी हजार छब्बीस रुपैयाँ) बराबरको स्रोत खुल्न नसकेको सम्पत्ति निजले राष्ट्रसेवक भएपश्चात के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टि गर्न नसकेबाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज ललित कुमार झा उपर बिगो रु.१,५६,७९,०२६।-(एक करोड छपन्न लाख उनासी हजार छब्बीस रुपैयाँ) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले श्रोत पुष्टि गर्न नसकेको एवं गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको बिगो रु.१,५६,७९,०२६।- (एक करोड छपन्न लाख उनासी हजार छब्बीस रुपैया)साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफतगरी पाउन निज ललित कुमार झा र निजकी श्रीमती सुचिता देवी झा समेतलाई प्रतिवादी कायम गरी आज विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरिएको ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता